निर्णयहरू:-

१. जिल्लास्थित सबै कार्यालयहरूको जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गर्ने । कोभिड-१९ को खोप लगाएका, खोप लगाउन बाँकी रहेका र संक्रमित कर्मचारीहरूको नाम नामेसी सहितको विवरण देहायको ढाँचामा जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई यथाशीघ्र उपलब्ध गराउने ।

**कार्यालयको नाम:-**

**कार्यालयमा कार्यरत जम्मा कर्मचारी संख्या:-**

क. खोप लगाएका कर्मचारीको विवरण

| क.सं. | नामथर | पद | उमेर | लगाएको खोप | |
|---|---|---|---|---|---|
| | | | | पहिलो मात्रा | दोस्रो मात्रा |
| | | | | | |

ख. खोप नलगाएका कर्मचारीहरूको विवरण

| क.सं. | नामथर | पद | उमेर | खोप नलगाउनुको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग. कोभिड-१९ बाट संक्रमित कर्मचारीहरूको विवरण

| क.सं. | नामथर | पद | उमेर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२. कार्यालय प्रमुखहरूले जिल्ला छोड्दा सोको जानकारी अनिवार्यरूपमा प्रमुख जिल्ला अधिकारीलाई गराउने, निषेधाज्ञाको समयमा अतिआवश्यक कार्यको लागि सवारीसाधन सञ्चालन गर्नुपरेमा कार्यालय प्रमुखहरूले स्वीकृति/अनुमतिका निम्ति प्रमुख जिल्ला अधिकारी समक्ष अनुरोध गर्ने । साथै, निषेधाज्ञाको अवधिमा कार्यालयको काम भन्दा अतिरिक्त कार्यालयमा रहेका सवारी साधनहरू एवं कर्मचारी परिचयपत्रको दुरूपयोग नगर्न कार्यालय प्रमुखहरूले आ-आफ्ना कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई सचेत गराउने ।

३. विभिन्न कार्यालयहरूले वार्षिक स्वीकृत कार्यक्रम अनुसार आयोजना गर्नुपर्ने तालिम तथा गोष्ठिहरू भर्चुअल माध्यमबाट मात्र गर्ने, गराउने ।

४. मनसुनजन्य विपद्का घट्नाहरूबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न यस जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०७७ मा उल्लिखित क्षेत्रगत निकायहरूले भर्चुअल माध्यमबाट बैठक राख्ने र आवश्यक पूर्वतयारी गर्ने, गराउने । साथै, विपद्का समयमा खोज तथा उद्धार कार्यमा सवारी साधनहरूको प्रयोग गर्नुपर्ने भएको हुँदा सबै कार्यालयहरूले आ-आफ्ना कार्यलयहरूमा रहेका सवारी साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने ।

५. कृषि सामग्री कम्पनी लिमिटेड, मकवानपुर र साल्ट ट्रेडिङ कर्पोरेसन, मकवानपुरले उपलब्ध कृषि मल मागका आधारमा सबै स्थानीय तहहरूको समन्वयमा आपूर्तिलाई सहज बनाउने र समानुपातिक वितरणको व्यवस्था मिलाउने ।

६. स्थानीय तहहरूले कोभिड-१९ बाट संक्रमित भई होम आइसोलेशनमा बसेकाहरूको नियमित निगरानी गर्ने र परीक्षणको संख्या समेत बढाउने ।

७. सबै स्थानीय तहहरू, घरेलु तथा साना उद्योग कार्यालय र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले नियमित एवं आकस्मिक बजार अनुगमन गरी मूल्य वृद्धि, कृत्रिम अभाव सृजना, जम्माखोरी कालोबजारी, न्यून गुणस्तर सामग्री विक्री वितरण हुन नदिने सुनिश्चितता गर्ने ।

८. विकास योजना/आयोजनासँग सम्बन्धित कार्यालयहरूले असार मसान्तसम्म सम्पन्न गर्नुपर्ने योजना/आयोजनाहरूमा उच्च प्राथमिकताकासाथ कार्य गर्ने । साथै, सहजीकरण आवश्यक परेमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा लेखि पठाउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी